# महालेखापरीक्षकको
# वार्षिक लेखापरीक्षण प्रतिवेदन
## २०७५

## गंगादेव गाउँपालिका
रोल्पा

महालेखापरीक्षकको कार्यालय
काठमाडौं, नेपाल

Scanned by CamScanner

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General

संघीय मामिला तथा सामान्य प्रशासन महानिर्देशनालय

Phone: 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal


गंगादेव गाउँपालिकाको कार्यालय
दर्ता नं.: १८०४
मितिः २०७६।१।२४

पत्र संख्याः २०७५/७६

च.नं. ५४२

मितिः २०७५/१२/२९

महालेखा परीक्षकको कार्यालय
नेपाल
२०१६

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
गंगादेव गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
रोल्पा ।

नेपालको संविधानको धारा २४१ बमोजिम त्यस कार्यपालिकाको आर्थिक वर्ष २०७४/७५ को लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) बमोजिम यो प्रतिवेदन जारी गरिएको छ । उक्त प्रतिवेदन लेखापरीक्षण ऐन, २०७५ को दफा २०(३) र दफा २२ बमोजिम कारवाहीको लागि अनुरोध छ ।

.........................................
(सुवर्णप्रसाद ढकाल)
नायव महालेखापरीक्षक



Scanned by CamScanner

## महालेखापरीक्षकको सन्देश

टंकमणि शर्मा, दंगाल
महालेखापरीक्षक

नेपालको संविधानको धारा २४१ बमोजिम संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालय र लेखापरीक्षण ऐन, २०७५ को दफा १० बमोजिम पूर्णस्वामित्व भएको संगठित संस्थाको नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षणको क्रममा ऐनको दफा ४ बमोजिम महालेखापरीक्षकले ती निकायको एक एक गरी वा बीच बीचमा छड्के वा केही प्रतिशतमात्र परीक्षण गर्ने गरी लेखापरीक्षणको तरिका, क्षेत्र र अवधि तोकी लेखापरीक्षण गर्न, त्यसबाट प्राप्त तथ्य दर्शाउन, आलोचना गर्न र आर्थिक विवरणउपर रायसहितको प्रतिवेदन जारी गर्न सक्ने कानूनी व्यवस्था छ ।

यस वर्ष ७५३ वटा स्थानीय तहमध्ये ७४७ स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराको सारांश महालेखापरीक्षकको ५६ औं वार्षिक प्रतिवेदनमा समेत समावेश गरिएको छ । ६ वटा स्थानीय तहको लेखा स्रेस्ता पेश नभएकाले लेखापरीक्षण सम्पन्न हुन सकेन । आर्थिक कारोबार, वित्तीय व्यवस्थापन, कार्यक्रम सञ्चालन, कानूनको पालना सम्बन्धमा गर्नुपर्ने सुधार र असुल फछ्र्यौट गर्नुपर्ने विषय समावेश गरी प्रत्येक स्थानीय तहलाई बेग्लाबेग्लै लेखापरीक्षण प्रतिवेदन दिने व्यवस्था मिलाएको छु । लेखापरीक्षणका क्रममा अन्तर्राष्ट्रिय मान्यता, लेखापरीक्षण मानदण्ड, निर्देशिकाबमोजिम प्रचलित ऐन, कानून, निर्णय समेतका आधारमा परीक्षण मूल्याङ्कन गरिएको छ । प्रदेश र जिल्ला स्तरीय छलफल तथा अन्तरक्रिया कार्यक्रममा स्थानीय तहका प्रमुख, लेखाउत्तरदायी अधिकृत तथा अन्य पदाधिकारीबाट प्राप्त सूचना र सुझावलाई प्रतिवेदन तयार गर्दा ध्यान दिइएको छ ।

आर्थिक वर्ष २०७४।७५ को स्थानीयतहको लेखापरीक्षणबाट मूलतः पारित भएका कानूनहरु स्थानीय राजपत्रमा प्रकाशित नभएको, दरबन्दी बमोजिम कर्मचारीको पदपूर्ति नभएको, सार्वजनिक खरिद ऐनको पालना नभएको, प्रदेश कानूनले तोकेभन्दा फरक/विपरीत पदाधिकारीलाई सेवा सुविधा भुक्तानी गरेको, योजना छनौट, सञ्चालन र भुक्तानीमा समस्या देखिएको, वितरणमुखी र अनुत्पादक क्षेत्रमा खर्च भएको, आन्तरिक आय तथा राजस्व सङ्कलन व्यवस्थित नदेखिएको, आन्तरिक आयको तुलनामा अत्यधिक प्रशासनिक खर्च भएको, आन्तरिक लेखापरीक्षण प्रभावकारी नभएको, आन्तरिक नियन्त्रण प्रणाली व्यवस्थित नभएको, वित्तीय जवाफदेहिताको स्तरमा सुधार गर्नुपर्ने जस्ता व्यहोराहरु रहेका छन् ।

लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) अनुसार महालेखापरीक्षकले प्रत्येक गाउँपालिका र नगरपालिकाको लेखापरीक्षण सम्पन्न गरी सकेपछि अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने र ऐनको दफा २०(३) मा स्थानीय तहको प्रचलित कानूनबमोजिम गाउँसभा वा नगरसभामा पेश गरी छलफल गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएका व्यहोरा उपर छलफल गरी टुङ्गो लगाउँदा लेखापरीक्षणको मूल्य मान्यता एवं स्वार्थ बाझिने व्यवहार नहुने आस्वस्ततासँगै स्थानीय तहको प्रतिवेदन कार्यान्वयनको सुनिश्चितताको अपेक्षा गर्दछु । यो स्थानीय तहको सम्बन्धमा दोस्रो प्रतिवेदन हो । संघीय प्रणाली अन्तर्गत स्थानीय तहमा सार्वजनिक स्रोतको समुचित उपयोग गर्दै विकास निर्माण र सेवा प्रवाहका कार्यलाई उत्कृष्ट नमूनाको रुपमा सञ्चालन गर्न अवसर प्राप्त भएको छ । यद्यपी नयाँ संरचनामा भौतिक, वित्तीय तथा जनशक्ति अभाव जस्ता चुनौति र समस्याका कारण अपेक्षाकृत प्रगति हुन सकेको देखिँदैन । त्यसैले प्रतिवेदनमा समावेश भएका व्यहोरा र सुझावहरुको कार्यान्वयनबाट स्थानीय तहको शासकीय व्यवस्था सञ्चालनमा सहयोग पुग्ने अपेक्षा गरेको छु ।

अन्त्यमा, संवैधानिक जिम्मेवारीअनुसार लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्ने क्रममा सुझाव दिई सहयोग गर्ने स्थानीय तहका प्रमुख, उप-प्रमुख, लेखाउत्तरदायी अधिकृतहरु लगायत नागरिक समाज र सञ्चारकर्मीहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, अहोरात्र खटिई समयमै लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गर्न योगदान गर्ने कार्यालयका सम्पूर्ण कर्मचारीलाई विशेष धन्यवाद दिन चाहन्छु ।

Scanned by CamScanner

**महालेखापरीक्षकको कार्यालय**
**Office of the Auditor General**
संघीय मामिला तथा सामान्य प्रशासन महा-निर्देशनालय

Phone : 4258174
4266034
4255707
A.G. Fax : 977-1-4268309
Fax : 977-1-4262798
Post Box : 13328
बबरमहल, काठमाडौं, नेपाल
Babar Mahal, Kathmandu, Nepal

पत्र संख्याः ०७५/७६
च.नं. १०२

मितिः २०७५।१२।१०

श्री प्रमुखज्यू,
गंगादेव गाउँपालिका,
रोल्पा ।

विषयः <u>लेखापरीक्षण प्रतिवेदन</u> ।

यस कार्यालयबाट गंगादेव गाउँपालिकाको अर्थिक वर्ष २०७४।७५ को पेश भएका वित्तीय विवरण र सोसँग सम्बन्धित कागजातको लेखापरीक्षण सम्पन्न गरिएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन पक्षको जिम्मेवारी** - आर्थिक कार्यविधि ऐन, २०५५ स्थानीय सरकार सञ्चालन ऐन, २०७४, आर्थिक कार्यविधि नियमावली, २०६४ तथा प्रचलित कानून तथा अभ्यास अनुरुप लेखा राख्ने र राख्न लगाउने, लेखा विवरण तयार गर्ने गराउने कार्यका साथै आर्थिक प्रशासन सञ्चालन गर्ने तथा प्रस्तुतीकरण गर्ने जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ ।

**लेखापरीक्षकको जिम्मेवारी** - प्रस्तुत वित्तीय विवरणहरु उपर लेखापरीक्षणको आधारमा राय व्यक्त गर्नु लेखापरीक्षकको जिम्मेवारी हो । लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन, २०७५ तथा महालेखा परीक्षकको कार्यालयले अवलम्बन गरेको सरकारी लेखापरीक्षण मानदण्ड र अन्य मार्गदर्शन तथा अन्य प्रचलित कानूनको आधारमा गरिएको छ । लेखापरीक्षणको क्रममा प्राप्त गरेका प्रमाणहरु लेखापरीक्षण राय व्यक्त गर्ने आधार उपलव्ध गराउन पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ ।

**कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधार** - कैफियत सहितको लेखापरीक्षण राय व्यक्त गर्ने आधारका रुपमा सञ्चित कोष विवरणमा सारभूत असर पार्ने व्यहोराहरु निम्नानुसार छन् :

१. लेखापरीक्षणबाट रु. ९२ लाख ५ हजार बेरुजू देखिएको छ । सोमध्ये असुल गर्नुपर्ने रु. ८४ लाख ५५ हजार, प्रमाण कागजात पेश गर्नुपर्ने रु. ४ लाख ६० हजार र पेश्की रु. २ लाख ९० हजार रहेको छ ।
२. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले सम्पत्ति तथा दायित्व यकिन हुन सकेन ।
३. लेखापरीक्षणमा देखिएका व्यहोराहरुका सम्बन्धमा मिति २०७५।०५।२२ मा जारी गरिएको लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदनमा प्रतिक्रिया प्राप्त नभएकोले कायम भएका व्यहोराको लेखापरीक्षण प्रतिवेदन पाना १० ( दश) यसैसाथ संलग्न छ ।

**कैफियत सहितको लेखापरीक्षण राय** - कैफियत सहितको लेखापरीक्षण रायले त्यहाँको सञ्चित कोष विवरणमा पर्ने असर र लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराहरु बाहेक आर्थिक वर्ष २०७४।७५ को आर्थिक कारोबार, लेखा तथा प्रतिवेदन आर्थिक कार्यविधि ऐन, २०५५ र नियमावली, २०६४ स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनबमोजिम रहेको छ ।

२०७५।१२।११
(सुवर्ण प्रसाद ढकाल)
नायव महालेखापरीक्षक



Scanned by CamScanner

# गंगादेव गाँउपालिका
## लेखापरीक्षण प्रतिवेदन
## २०७४।०७५

**परिचय:** स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न यस गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता, सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरीय सेवा प्रदान गर्नु हो । प्रदेश नं. ५ मा अवस्थित यो गाउँपालिका अर्न्तगत ७ वडा, ३९ सभा सदस्य, १२४.३८ व.कि.मि. क्षेत्रफल, र २३८७१ जनसंख्या रहेको छ ।

**स्थानीय सञ्चितकोष :** आर्थिक वर्ष २०७४।७५ स्थानीय सञ्चित कोष आय-व्यय हिसाबको संक्षिप्त अवस्था निम्न बमोजिम रहेको छ :

| सि.नं. | आयतर्फ | | | सि.नं. | व्ययतर्फ | | |
|---|---|---|---|---|---|---|---|
| | विवरण | रकम | रकम | | विवरण | रकम | रकम |
| १ | गत वर्षको जिम्मेवारी | | | १ | चालु खर्च | | १०३६१८०७४.३५ |
| | क) नगद | | | २ | पूंजीगत खर्च | | १०४५२११६६.०० |
| | ख) बैंक | | ९१९०३७५.५३ | ३ | वित्तीय व्यवस्था भुक्तानी | | ०.० |
| २ | राजस्व (आन्तरिक आय) | | | | क) ऋण भुक्तानी | | |
| | क) आन्तरिक राजस्व | | १६७७७७३.०० | | ख) ब्याज भुक्तानी | | |
| | ख) राजस्व बाँडफाँड | | | | ग) अन्य भुक्तानी | | |
| | ग) अन्य आय | | | ४ | लगानी | | ०.०० |
| ३ | वित्तीय हस्तान्तरण | | | | ऋण लगानी | | |
| | क)वित्तीय समानीकरण अनुदान | | १६८३३१०००.०० | | शेयर लगानी | | |
| | ख) सशर्त अनुदान | | ७१३४१०००.०० | | अन्य लगानी | | |
| | ग) समपूरक अनुदान | | | ५ | धरौटी फिर्ता | | ००.०० |
| | घ) विशेष अनुदान | | | ६ | को.ले.नि.का. फिर्ता | | ५६११२४९.२९ |
| ४ | प्रदेश सरकारबाट प्राप्त अनुदान | | | ७ | मौज्दात | | |
| | क)वित्तीय समानीकरण अनुदान | | | | क) नगद मौज्दात | | |
| | ख) सशर्त अनुदान | | | | ख) बैंक मौज्दात ग ४.१ | | ६०६६१७८८.८९ |
| | ग) समपूरक अनुदान | | | | ग)बैंक मौज्दात ग २.१ | | |
| | घ) विशेष अनुदान | | | | घ) बैंक मौज्दात ग २.२ | | |
| ५ | अन्तर स्थानीय तहबाट प्राप्त | | ०.०० | | ङ)धरौटी बाँकी | | |
| ६ | वित्तीय व्यवस्था प्राप्ति | | ०.०० | | | | |
| | क) ऋण प्राप्ति | | | | | | |
| | ख) साँवा प्राप्ति | | | | | | |
| | ग) ब्याज प्राप्ति | | | | | | |
| | घ) अन्य प्राप्ति | | | | | | |
| ७ | विभिन्न कोषतर्फको आय | | ०.०० | | | | |
| ८ | जनसहभागिता (नगद) | | ०.०० | | | | |
| ९ | विषयगत निकायबाट प्राप्त रकम | | २१९४४०००.०० | | | | |
| १० | धरौटी आय | | १०५०००.०० | | | | |
| ११ | लगानीको साँवा फिर्ता | | ०.०० | | | | |
| १२ | अन्य विविध आय | | १८२३१३०.०० | | | | |
| | जम्मा | | २७४४१२२७८.५३ | | जम्मा | | २७४४१२२७८.५३ |

Scanned by CamScanner

| दफा नं. | भौ.नं,मति, व्यहोरा | वेरुजु रकम रु. |
|---|---|---|
| १. | **आन्तरिक लेखापरीक्षण :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७७(२) मा स्थानीय<br>तहले कानून वमोजिम आफ्नो आय र व्ययको आन्तरिक लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ<br>। गाउँपालिकाले यस आर्थिक वर्षको आन्तरिक लेखापरीक्षण गरे गराएको छैन । कानून बमोजिम<br>आन्तरिक लेखापरीक्षण गराउनुपर्दछ । | |
| २. | **आन्तरिक नियन्त्रण व्यवस्था :** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७८ मा<br>गाउँपालिकाले आन्तरिक नियन्त्रण कार्यविधि तयार गरी कार्यान्वयन गर्नुपर्ने र अन्य नियमहरु<br>अनुसार आन्तरिक नियन्त्रणका क्रियाकलाप संचालन गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले नियम<br>९१ अनुसारको वार्षिक कार्य सम्पादन प्रतिवेदन तयार नगरेको, सुशासन (व्यवस्थापन तथा<br>संचालन) नियमावली, २०६५ वमोजिम तालुक कार्यालयले निरीक्षण गरेको नदेखिएको, भ्रमण<br>खर्च नियमावली, २०६४ को नियम २१ अनुसार भ्रमणबाट फर्केपछि भ्रमण प्रतिवेदन दिने<br>नगरेको, सार्वजनिक खरिद ऐन २०६३ को दफा ४ अनुसार कार्यालयलाई आवश्यक पर्ने<br>मालसामान, निर्माण कार्य तथा परामर्श सेवाको विवरण तयार गर्नुपर्ने, दफा ६ अनुसार खरिद<br>योजना तयार गरेर मात्र खरिद कार्य गर्नुपर्नेमा खरिद योजना तयार नगरेको, कार्यालयको<br>अभिलेख प्रणालीलाई समयवद्ध बनाउन वित्तीय सूचना प्रणालीलाई पूर्ण रुपमा उपयोग नगरेको,<br>स्वास्थ्य कार्यक्रम संचालन निर्देशिका अनुसार औषधिको लागत अनुमान तयार गर्दा उत्पादित<br>औषधिहरुको खुद्रा मूल्यमा १५ प्रतिशत घटाउनुपर्ने व्यवस्था भएकोमा नघटाई तयार गर्ने<br>गरेको, कार्यालयको अभिलेख प्रणालीलाई समयवद्ध बनाउन वित्तीय सूचना प्रणालीलाई पूर्ण<br>रुपमा उपयोग नगरेको जस्ता व्यहोरा देखिएका छन् । उल्लिखित व्यहोरा कार्यालय प्रमुखले<br>संवोधन गरी कार्यालय संचालन गर्नुपर्दछ । | |
| ३. | **सेवा प्रवाह :** स्थानीय सरकार संचालन ऐन, २०७४ तथा सार्वजनिक खर्चमा मितव्ययिता र<br>प्रभावकारिता कायम गर्ने सम्बन्धी नीतिगत मागर्दशन, २०७५ समेतबाट सेवा प्रवाह सदृढ,<br>पारदर्शी हुनुपर्ने व्यवस्था छ । गाउँपालिका र मातहतका निकायमा ३२ दरवन्दी रहेकोमा २५<br>को पदपूर्ति नभएको, सेवा संचालनमा विद्युतीय माध्यमको पूर्ण उपयोग नभएको, नागरिक<br>वडापत्र नरहेको, पेश्की फछ्र्यौट समयमै हुन नसकेको, टोकन प्रणाली लागू नगरेको जस्ता<br>कमी कमजोरीहरु देखिएका छन् । उल्लिखित कमजोरीलाई संबोधन गरी सेवा प्रवाह प्रभावकारी<br>बनाउनुपर्दछ । | |
| ४. | **बैंक हिसाब -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी खर्च रकमको<br>हिसाव तयार गर्नुपर्ने तथा स्रेस्ता हिसाव र वैंक हिसाव एक आपसमा भिडान गर्नुपर्ने व्यवस्था<br>छ । गाउँपालिका खर्च खाताको आर्थिक विवरण अनुसार यसवर्षको वित्तीय समानीकरण तर्फ<br>आम्दानी रु.१६८३३१०००।०० र खर्च रु.१२४१८२२४९।६४ भई मौज्दात रु.४४१४८७५०।३६<br>बाँकी रहेको छ । गाउँपालिकाको समानीकरण अनुदान तर्फको खर्च खाता अनुसार मौज्दात<br>बाँकी रु.४४३०८७५०।३६ देखिएको र सोही रकम वर्षान्तमा स्थानीय तहको संञ्चितकोष<br>खातामा जम्मा गरिएको छ । स्रेस्ता र वैंक खातामा रहेको बाँकी बीच रु.१६००००।०० फरक<br>परेको छ । कार्यालयले बैंक हिसाब मिलान तयार नगरेकोले कार्यालय प्रमुखलाई जिम्मेवार<br>बनाई फरक पर्नाको कारण पहिचान गरी हिसाव मिलान गर्नुपर्ने रु............ | १६००००।०० |
| ५. | **लक्ष्य प्रगति -** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २४ मा सबै आयोजनाको<br>उपर्युक्त वमोजिम प्रगति विवरण तया। गरेको देखिएन । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई<br>लक्ष्य प्रगति विवरण तयार गर्नुपर्दछ । | |
| ६. | **चौमासिक खर्च :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ वमोजिम चौमासिक<br>कार्य लक्ष्य तथा कार्यक्रम वमोजिम कार्यसम्पादन सम्पन्न सन्तुलित रुपमा खर्च गर्नुपर्ने व्यवस्था<br>छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार कुल पूजिगत खर्च रु.८५६२५२४९।०० मध्ये<br>आषाढमा मात्र रु.३४४७२५०६।०० खर्च गरेको देखिएको छ। आषाढ मसान्तमा मात्र ४० प्रतिशत<br>खर्च देखिनुले आषाढमा खर्चको चाप वढेको देखिएकोले सन्तुलित खर्च भएको देखिएन । सरकारी<br>खर्च प्रभावकारी बनाउन योजना वनाई सन्तुलित खर्च गर्नुपर्छ । | |
| ७. | **राजश्व अभिलेख :** आर्थिक कार्यबिधि ऐन, २०५५ को दफा १२ र १३ ले राजस्वको अभिलेख<br>अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको<br>छ । गाउँपालिकाले राजस्व आम्दानीको निर्णय देखि असुली तथा दाखिला सम्मका अभिलेख<br>व्यवस्थित गरी श्रेस्ता राखेको छैन । यसवाट स्थानीय तहको बास्तबिक राजस्व असुली र<br>दाखिला एकिन गर्न सकिएन । गाउँपालिकाले राजश्वको अभिलेख व्यवस्थित गर्नुपर्दछ । | |



Scanned by CamScanner

| | | |
|---|---|---|
| ८. | **सम्पत्ति हस्तान्तरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७,९८ र १०४ अनुसार विषयगत कार्यालयको चल अचल सम्पत्ति, दायित्व तथा अभिलेख त्यसरी कायम भएका गाउँपालिकामा स्वतः हस्तान्तरण हुने व्यवस्था छ । यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पतिको अभिलेख तथा जिन्सी लगत खाता २०७५ असार मसान्त भित्र एकीकृत गरी प्रतिबेदन तयार गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले सम्पतिको अभिलेख तथा जिन्सी लगत व्यवस्थित रुपमा तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर र अन्य फर्निचर जस्ता मूल्यवान सामानहरु जिम्मेवारी सार्ने गरेको पाइएन । जिन्सी मालसामानको आम्दानी नजनाउँदा जिन्सी मालसामानहरु हराउन, हिनामिना हुनसक्ने भएकोले खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्बन्धित जिन्सी खातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ । | |
| ९. | **बरबुझारथ :** मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता संचालन सम्बन्धमा गरिएको परिपत्रको बुँदा नं. १७ बमोजिम गाउँपालिकामा समाहित भएका साविकका पाँच गाउँ विकास समितिको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन गर्नुपर्ने व्यवस्था छ । गाँउपालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख एकिन गरी अध्यावधिक गरेको देखिएन । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |
| १०. | **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ मा स्थानीय कर सेवा शुल्क तथा दस्तुर, सम्पति कर, घर वहाल कर, घर जग्गा रजिस्ट्रेसन शुल्क, सवारी साधन कर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसायी कर, मनोरञ्जन कर लगाई आन्तरिक स्रोतलाई मजवुत बनाउनुपर्ने उल्लेख छ । गाउँपालिकाले कुल बजेट रु. २३,९६,२८,०००।०० रहेकोमा आन्तरिक स्रोत रु.५ लाख १० हजार (कुल बजेटको .२१ प्रतिशत) परिचालन गर्ने लक्ष्य राखेकोमा मालपोत रजिस्ट्रेसनबाट रु. १२,७७,७७३।०० र अन्य सेवा शुल्क दस्तुरबाट रु.४००,२९३।०० लक्ष्यको तुलनामा (३०० प्रतिशत) प्रगति भएको छ । राजस्वको स्रोत र दायरा सम्बन्धमा अध्ययन गरी आन्तरिक आयलाई यथार्थपरक र थप मजवुत बनाउन राजस्व संकलन तथा परिचालनमा ध्यान दिई आन्तरिक आय वढाउनुपर्दछ । | |
| ११. | **गुणस्तर परिक्षण:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार आपूर्ति भएका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर वमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनुपर्ने व्यवस्था छ । कार्यालयले खरिद गरेको मेशिन उपकरण तथा अन्य सामाग्रीको स्पेशिफिकेसन र गुणस्तर परीक्षण गरेको देखिएन । वढी लागत पर्ने र टिकाउ समानको लागत अनुमान वमोजिमको गुणस्तरमा खरिद भएको सुनिश्चित हुन दक्ष प्राविधिकबाट गुणस्तर परिक्षण गराउनुपर्दछ । | |
| १२. | **कारोवारको लेखा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ तथा ८० मा आर्थिक कारोवारको लेखा सूचना प्रविधिको प्रयोग गरी राख्नुपर्ने र महालेखा नियन्त्रकको कार्यालयले निःशुल्क रुपमा उपलब्ध गराई सवै स्थानीय तहले सव नेशनल ट्रेसरी रेगुलेटरी एप्लीकेसन सफ्टवेयर, सूत्र (SuTRA) प्रयोग गरी लेखा राख्नुपर्ने व्यवस्था छ । कार्यालयले सफ्टवेयर प्रयोग गरी श्रेस्ता राखेको देखिएन । कारोवारको लेखा विश्वसनीय र भरपर्दो बनाउनु विदुतीय माध्यमबाट कारोवारको लेखा राख्नुपर्दछ । | |
| १३. | **तलवी प्रतिबेदन :** निजामती सेवा ऐन, २०४९ को दफा ७ बमोजिम पारित तलवी प्रतिवेदन अनुसार तलब खर्च लेख्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले तलबी प्रतिबेदन पारित नगरी प्रशासन तर्फका कर्मचारीको तलब रु. ३८,७०,१६५.०० खर्च लेखेको छ । तलवी प्रतिबेदन पारित नगरी तलब, ग्रेड भुक्तानी दिदा कर्मचारीहरुले पाउनुपर्ने ग्रेड यकीन गर्न सकिएन । तलबी प्रतिवेदन पारित गरेर मात्र तलव खर्च लेख्नुपर्दछ । | |
| १४. | **विल, भरपाई :** अर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकमको भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले निम्न व्यक्तिहरुलाई रु. ७२,७८१।०० भुक्तानी गर्दा आवश्यक विल, भरपाई तथा कागजात संलग्न गरेको देखिएन । विना विल भरपाई र पुष्ट्याई बेगर खर्च लेख्ने कार्यालय प्रमुखलाई जिम्मेवार गराई उक्त रकम असुल गर्नुपर्ने रु..... | ७२७८१.०० |

| क्र.सं. | भौ.नं र मिति | नाम थर | रकम |
|---|---|---|---|
| १. | १३४,२०७५।१।१९ | श्री विर वहादुर घर्ती | ३१३५०।०० |
| २. | १६७,२०७५।३।७ | श्री युवराज डाँगी | ४१४३१।०० |
| | | जम्मा | ७२७८१।०० |



Scanned by CamScanner

१५. वढी भुक्तानी : (गो भौ नं.२९२, २०७५।३।२७) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धमा व्यवस्था छ। गाउँपालिका स्थित वडा कार्यालयका पदाधिकारीहरु र कर्मचारीहरुलाई अतिरिक्त समयको बैठक भत्ता रु २०१,६००।०० भुक्तानी दिनुपर्नेमा रु २०८,८००।०० दिएको छ। वढी भुक्तानी रु. ७,२००।०० कार्यालय प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु... ७२००.००

१६. शिक्षक लगत : गाउँपालिकाले शिक्षकहरुको दरवन्दी, अवकाश, मृत्यु र सरुवा भएका शिक्षकहरुको अद्यावधिक गरी लगत किताव खडा गरी राख्नुपर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐन, २०७४ समेतमा छ। विद्यालयले माग फाराम गरेको संख्याको आधारमा गाउँपालिकाले निकासा दिएको छ। गाउँपालिकाले कार्यरत शिक्षकहरुको लगत अद्यावधिक नगरेकोले शिक्षक संख्या एकिन हुन सकेन। गाउँपालिकामा रहेका सबै विद्यालयहरुको शिक्षक दरवन्दी एकिन गरेर मात्र निकासा दिनुपर्दछ।

१७. वढी ग्रेड : शिक्षा नियमावलीमा व्यवस्था गरे अनुरुप प्रत्येक शिक्षकको पाउने तलव तथा ग्रेड सम्बन्धमा तवली प्रतिवेदन पास गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले विद्यालयहरुमा निम्न शिक्षकहरुलाइ पहिलो चौमासिक तलव भत्ता भुक्तानी दिंदा रु. १४,३१२।०० वढी ग्रेड दिएको छ। वढी ग्रेड रु. १४,३१२।०० कार्यालय प्रमुखलाई जिम्मेवार बनाई दाखिला गर्नुपर्ने रु..... १४३१२.००

| क्र.स | पद र नाम | ग्रेड रकम | भुक्तानी ग्रेड रु. | वढी भुक्तानी रु. |
|---|---|---|---|---|
| १. | मा.वि तृतिय भूपेन्द्र कुमार झा | ११४१.०० | ४०६८.०० | ११७०८.०० |
| २. | प्रा. तृतिय गणेश बहादुर वली | १५६६.०० | २२१७.०० | २६०४.०० |

१८. लाभग्राहीको लगत : गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण संकलन गरी लगत किताव अद्यावधिक राखी वडा कार्यालयहरुलाइ निकासा दिनुपर्ने व्यवस्था छ। गाउँपालिकाले लगत किताव अद्यावधिक तथा लाभग्राहीको संख्या एकिन नगरी वडा कार्यालयलाई निकासा दिएको छ। गाउँपालिकालाई यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु.२,०७,२८,०००।०० बजेट विनियोजन भएकोमा रु.२,०६,८७,२००।०० सम्वन्धित वडा कार्यालयका सचिवहरुवाट भरपाइ गरी वितरण गरिएको छ। संख्या एकिन नगरी निकासा दिदा यथार्थ लाभग्राहीहरु पहिचान हुन नसक्ने भएकोले गाउँपालिकाले लगत संकलन गरेर मात्र निकासा दिनुपर्दछ।

१९. दाखिला : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी गर्दा जाँच गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा भत्ता वितरण गर्न गाउँपालिकालाई रु २,०६,८७,२००।०० निकासा भएकोमा रु २,०६,३०,४००।०० वितरण गरेको भर्पाइ पेश भई बाँकी रु.५६,८००।०० गाउँपालिकाको संचित खातामा जम्मा गरेको छ। कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त रकम संघीय राजस्वमा दाखिला गर्नुपर्ने रु....... ५६,८००.००

२०. बढी भुक्तानी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। कार्यालयले विभिन्न सामानहरु खरिद गर्दा बिलमा तोकिएको रकम भन्दा रु. ५८,०२०।०० बढी भुक्तानी दिएको छ। कार्यालय प्रमुखलाई जिम्मेवार बनाई वढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.... ५८०२०.००

| क्र.स | भौ.नं र मिति | भुक्तानी दिनुपर्ने | भुक्तानी दिएको | बढी भुक्तानी रु. |
|---|---|---|---|---|
| १. | ८।०७५।३।११ | ३३२२०.० | ८३९०५.० | ५०६८५.० |
| २. | १०।०७५।३।२२ | ५०५००.० | ५७८३५.० | ७३३५.०० |
| | जम्मा | | | ५८०२०.०० |

२१. विलभर्पाइ नभएको :(भौ. नं. १०२, २०७५।३।१) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा भुक्तानी गर्दा जाँच गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाको वडा नं. ४ मा पूर्ण खोप कार्यक्रम संचालन गर्दा कार्यक्रममा सहभागीहरुको विवरण सहित,कार्यक्रम संचालन गरेको देखित प्रमाणित कागजात बेगर रु. ३,००,०००।०० खर्च लेखेको छ। कार्यालय प्रमुखलाई जिम्मेवार बनाई खर्च प्रमाणित हुने कागजात पेश गर्नुपर्ने रु... ३०००००.००

२२. दोहोरो निकासा (भौ.नं.१०६, २०७५।३।१) : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा भुक्तानी पर्याप्त पुष्टाई राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले पृथ्वी नारायण माध्यमिक विद्यालय जयाचौरलाई फिल्ड निर्माण योजना कार्यकम अन्तर्गत रकम निकासा दिदा एउटै कार्यसम्पन्न प्रतिवेदन, छलफलको माइन्युट र मूल्यांकनको आधारमा एकै प्रकृतिको कार्यक्रममा दोहोरो निकासा रु. १,००,०००।०० दिएको छ। दोहोरो निकासा दिने कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्ने रु.... १०००००.००



Scanned by CamScanner

१५. वढी भुक्तानी : (गो भौ नं.२९२, २०७५।३।२७) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च सम्बन्धमा व्यवस्था छ । गाउँपालिका स्थित वडा कार्यालयका पदाधिकारीहरु र कर्मचारीहरुलाई अतिरिक्त समयको बैठक भत्ता रु २०१,६००।०० भुक्तानी दिनुपर्नेमा रु २०८,८००।०० दिएको छ । वढी भुक्तानी रु. ७,२००।०० कार्यालय प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु... ७२००.००

१६. शिक्षक लगत : गाउँपालिकाले शिक्षकहरुको दरवन्दी, अवकाश, मृत्यु र सरुवा भएका शिक्षकहरुको अद्यावधिक गरी लगत किताव खडा गरी राख्नुपर्ने व्यवस्था स्थानीय सरकार संचालन ऐन, २०७४ समेतमा छ । विद्यालयले माग फाराम गरेको संख्याको आधारमा गाउँपालिकाले निकासा दिएको छ । गाउँपालिकाले कार्यरत शिक्षकहरुको लगत अद्यावधिक नगरेकोले शिक्षक संख्या एकिन हुन सकेन । गाउँपालिकामा रहेका सबै विद्यालयहरुको शिक्षक दरवन्दी एकिन गरेर मात्र निकासा दिनुपर्दछ ।

१७. वढी ग्रेड : शिक्षा नियमावलीमा व्यवस्था गरे अनुरुप प्रत्येक शिक्षकको पाउने तलव तथा ग्रेड सम्बन्धमा तवली प्रतिवेदन पास गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले विद्यालयहरुमा निम्न शिक्षकहरुलाइ पहिलो चौमासिक तलव भत्ता भुक्तानी दिंदा रु. १४,३१२।०० वढी ग्रेड दिएको छ । वढी ग्रेड रु. १४,३१२।०० कार्यालय प्रमुखलाई जिम्मेवार बनाई दाखिला गर्नुपर्ने रु..... १४३१२.००

| क्र.स | पद र नाम | ग्रेड रकम | भुक्तानी ग्रेड रु. | वढी भुक्तानी रु. |
|---|---|---|---|---|
| १. | मा.वि तृतिय भूपेन्द्र कुमार झा | ११४१.०० | ४०६८.०० | ११७०८.०० |
| २. | प्रा. तृतिय गणेश बहादुर वली | १५६६.०० | २२१७.०० | २६०४.०० |

१८. लाभग्राहीको लगत : गाउँपालिकाले सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको विवरण संकलन गरी लगत किताव अद्यावधिक राखी वडा कार्यालयहरुलाइ निकासा दिनुपर्ने व्यवस्था छ । गाउँपालिकाले लगत किताव अद्यावधिक तथा लाभग्राहीको संख्या एकिन नगरी वडा कार्यालयलाई निकासा दिएको छ । गाउँपालिकालाई यस वर्ष सामाजिक सुरक्षा भत्ता वितरण गर्न रु.२,०७,२८,०००।०० बजेट विनियोजन भएकोमा रु.२,०६,८७,२००।०० सम्वन्धित वडा कार्यालयका सचिवहरुवाट भरपाइ गरी वितरण गरिएको छ। संख्या एकिन नगरी निकासा दिदा यथार्थ लाभग्राहीहरु पहिचान हुन नसक्ने भएकोले गाउँपालिकाले लगत संकलन गरेर मात्र निकासा दिनुपर्दछ ।

१९. दाखिला : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी गर्दा जाँच गर्नुपर्ने व्यवस्था छ। सामाजिक सुरक्षा भत्ता वितरण गर्न गाउँपालिकालाई रु २,०६,८७,२००।०० निकासा भएकोमा रु २,०६,३०,४००।०० वितरण गरेको भर्पाइ पेश भई बाँकी रु.५६,८००।०० गाउँपालिकाको संचित खातामा जम्मा गरेको छ। कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त रकम संघीय राजस्वमा दाखिला गर्नुपर्ने रु........ ५६,८००.००

२०. वढी भुक्तानी : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । कार्यालयले विभिन्न सामानहरु खरिद गर्दा विलमा तोकिएको रकम भन्दा रु. ५८,०२०।०० वढी भुक्तानी दिएको छ । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई वढी भुक्तानी रकम असुल गर्नुपर्ने रु.... ५८०२०.००

| क्र.स | भौ.नं र मिति | भुक्तानी दिनुपर्ने | भुक्तानी दिएको | वढी भुक्तानी रु. |
|---|---|---|---|---|
| १. | ८।०७५।३।११ | ३३२२०.० | ८३९०५.० | ५०६८५.० |
| २. | १०।०७५।३।२२ | ५०५००.० | ५७८३५.० | ७३३५.०० |
| | जम्मा | | | ५८०२०.०० |

२१. विलभर्पाइ नभएको :(भौ. नं. १०२, २०७५।३।१) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा भुक्तानी गर्दा जाँच गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाको वडा नं. ४ मा पूर्ण खोप कार्यक्रम संचालन गर्दा कार्यक्रममा सहभागीहरुको विवरण सहित,कार्यकम संचालन गरेको देखित प्रमाणित कागजात बेगर रु. ३,००,०००।०० खर्च लेखेको छ । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई खर्च प्रमाणित हुने कागजात पेश गर्नुपर्ने रु.... ३०००००.००

२२. दोहोरो निकासा (भौ.नं.१०६, २०७५।३।१) : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा भुक्तानी पर्याप्त पुष्टाई राख्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले पृथ्वी नारायण माध्यमिक विद्यालय जयाचौरलाई फिल्ड निर्माण योजना कार्यक्रम अन्तर्गत रकम निकासा दिदा एउटै कार्यसम्पन्न प्रतिवेदन, छलफलको माइन्युट र मूल्यांकनको आधारमा एकै प्रकृतिको कार्यक्रममा दोहोरो निकासा रु. १,००,०००।०० दिएको छ । दोहोरो निकासा दिने कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्ने रु.... १०००००.००

Scanned by CamScanner

२३. **वढी भुक्तानी (भौ.न. ४ मिति २०७५।३।२७)** : आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । ओखरबोटको झोलुंगे पुल उपभोक्ता समितिबाट प्राबिधिकको मूल्याकंन रु.१६,५३,३९६।०० मात्र कार्य भएकोमा रु. १६,६०,०००।०० भुक्तानी दिएकोले रु.६,६०४।०० वढी भुक्तानी गरेको छ । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्ने रु.............

६६०४.००

२४. **ढुवानी कर** : (९८, २०७५।२।३१) आयकर ऐन, २०५८ को दफा ८८ अनुसार ढुवानी रकमको भुक्तानी गर्दा १० प्रतिशतका दरले वहाल कर कट्टा गर्नुपर्ने व्यवस्था छ। गाउँपालिकाले सरस्वती आधारभूत विद्यालय मर्मत गर्नको लागि विभिन्न सामानहरु ढुवानी गर्ने दिपेन्द्र के.सी. लाई ढुवानी भाडा रु ४०,०००।०० भुक्तानी गरेको छ । उक्त भाडामा नियमानुसार ढुवानी भाडा रु. ४,०००।०० कट्टि गरी राजस्व दाखिला गरेको देखिएन । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्ने रु........

४०००.००

२५. **बहुक्षेत्रीय पोषण कार्यक्रम** : संघीय प्रणालीमा बहुक्षेत्रीय पोषण योजना कार्यान्वयन सम्बन्धी निर्देशन २०७४ अनुसार बहुक्षेत्रिय पोषण कार्यक्रमा पशु स्वास्थ्य शिविर, पशुपंक्षीलाई खोप लगाउने, पशुचरणको निम्ति घांसको विउबीतरण गर्ने, फार्मको स्थापना,दूधवाट विभिन्न परिकार वनाउने, बाल क्लव गठन गर्ने, स्कुलमा दिबा खाजाको व्यबस्था गर्ने, करेसाबारी लगाउने, भ्याक्सीन लगाउने तथा आइरन चक्की खुवाउने जस्ता गर्भअवस्थामा रहेका महिलाहरु र नबजात शिशुहरुको लागि पौष्टिक आहाराको व्यवस्था गर्नुपर्ने व्यवस्था छ। वहुक्षेत्रीय पोषणको कूल वजेट रु .११,९६,०००।०० मध्ये रु.७९,१५,००।००।०० तपसिल वमोजिमको तालिम, गोष्ठी र अनुगमन तथा भ्रमण शीर्षकमा खर्च भएको देखिन्छ। यसरी लक्षित वर्गले प्रत्यक्ष लाभ हासिल गर्ने कार्यक्रममा भन्दा वढी मात्रामा सेवा प्रदायकलाई फाइदा पुग्ने कार्यक्रममा जोड दिएको देखिएकोले यस्ता कार्यक्रम तर्जुमा गर्दा ध्यान दिनुपर्ने देखिन्छ।

| भौ.न. | मिति | खर्च शीर्षक | खर्च रकम |
|---|---|---|---|
| २ | २०७५।२।२ | वैठक भत्ता | १२६५०० |
| ३ | २०७५।२।२० | तालिम | ९६००० |
| ६ | २०७५।३।१२ | तालिम | ७२००० |
| ७ | २०७५।३।१९ | तालिम | ६०००० |
| ८ | २०७५।०३।२२ | दै.भ्र.भत्ता | ३९७००० |
| ९ | २०७५।०३।२४ | वैठक भत्ता | ४०००० |
| | | | ७९१५०० |

२६. **भरपाई (भौ.नं २ मिति २०७५।३।३)**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा रकम भुक्तानी गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ। पश्चिम नेपाल खानेपानी तथा सरसफाई कार्यक्रमको खानेपानी योजना मर्मत खर्च रु ३०००००।०० मध्ये रु.१,१८,८००।०० को पाईप ओल्डिङ भनी श्री जगधनी घर्तिमगर भपाई गरी बुझाएको देखाएपनि वास्तविक पाइप ओल्डिङ खर्च रु.१८,८००।०० मात्र देखिएको छ। वढी खर्च लेख्ने कार्यालय प्रमुखलाई जिम्मेवार गराई रु. १०००००।०० असुल गर्नुपर्ने रु............

१०००००.००

२७. **विरुवा वितरण (भौ.न.११ मिति २०७५।०३।१८)**: आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्ने तरिका उल्लेख छ गाउँपालिकाले विरुवा वितरणको लागि रु २८४,००० को विरुवा खरिद गरेको छ। गाउँपालिकाले एकै प्रकृतिको विरुवा वितरण कार्यक्रम संचालन गर्ने तर उक्त विरुवा वितरणबाट किसानले लाभ लिए नलिएको, अनुदानमा वितरण भएका विरुवाको अवस्था, वितरुणबाट उत्पादनमा दिएको योगदान लगायत पक्षलाई ध्यान दिई अनुगमन तथा निरीक्षण गर्ने गरेको देखिएन । विरुवा वितरणमा गरिने खर्चकै आधारमा मात्र उक्त खर्चको औचित्य पुष्टी नहुने हुँदा निरन्तर अनुगमन गरी अनुदानको प्रभावकारी सदुपयोगमा जोड दिनुपर्ने देखिन्छ। यसका केही उदाहरण निम्न छन्।

| विरुवाको जात | परिमाण | दर | जम्मा |
|---|---|---|---|
| सुन्तलाको विरुवा | ७७०० | २० | १५४००० |
| कागतीको विरुवा | ६५०० | २० | १३०००० |
| **जम्मा** | | | २८४००० |

२८. **उपभोक्ता अंश** : सार्वजनिक खरिद नियमावली नियम ९७(३) मा उपभोक्ता समितिबाट काम गराउँदा सार्वजनिक निकाय र उपभोक्ता समिति बीच संझौता गरी त्यस्तो संझौतामा उपभोक्ता समितिले गर्नुपर्ने योगदान यकिन गर्नुपर्ने तथा सोही नियमको उपनियम ११ वमोजिम निर्माण



Scanned by CamScanner

| | |
|---|---|
| कार्य सम्पन्न गरिसकेपछि निकायले खटाएको प्राविधिकबाट त्यस्तो कामको जाँचपास गराई निकायबाट प्राप्त रकम र जनसाहभागिताबाट व्यहोरिएको श्रम, नगद वा जिन्सी समेत कुल खर्चको विवरण पेश गर्नुपर्ने व्यवस्था छ गाउँपालिकाले मोटर बाटोहरु निर्माणमा उपभोक्ता समितिसँग संझौता गर्दा २० प्रतिशतसम्म उपभोक्ताबाट व्यहोर्ने गरी संझौता भएको छ । गाउँपालिकामा पेश भएको कार्य सम्पन्न प्रतिवेदनमा लागत अनुमान भन्दा कम परिमाणमा कार्य सम्पन्न भएकोमा सोही वमोजिम अनुदान रकम र उपभोक्ताको योगदान रकमवीच समायोजन गरी भुक्तानी गर्नुपर्नेमा सम्झौतामा भन्दा उपभोक्ताको योगदान प्रतिशतमा घटी हुने गरी भुक्तानी दिएको रु.१५,८०,६३१।०० सम्बन्धित प्राविधिक तथा कार्यालय प्रमुखलाई जिम्मेवार बनाई असुल गर्नुपर्ने रु..... | १५८०६३१.०० |

| भौ नं. मिति | योजना ।उपभोक्ता समितिको नाम | कार्यसम्पादन रकम | २० प्रतिशतले हुने उपभोक्ताको योगदान | भूक्तानी योग्य रकम | भुक्तानी भएको रकम | वढी भुक्तानी |
|---|---|---|---|---|---|---|
| ८४/०७५.२.२० | पोखरा वजार जनता आधारभुत्त विवाङ चौर विद्यालय | ८६५९८५ | १७३१९७ | ६९२७८८ | ८००००० | १०७२१२ |
| ८६/०७५.२.२१ | मावि घुम्टेजुोडा फिल्ड निमार्ण | ५९८८६० | ११९७७२ | ४७९०८८ | ५५०००० | ७०९१२ |
| ८५/०७५/०२/२० | घरविर स्कुल डाडागाउँ मोटर बाटो | १५९३३७४ | ३१८६७४.८ | १२७४६९९.२ | १६८९८३८ | ४१५१३९ |
| ८७/०७५/२/२१ | चाक्लेपाताला माग्रा गाउँ रातामाटा | ६१२४४५ | १२२४८९ | ४८९९५६ | ५००००० | १००४४ |
| २११/०७५/३/२५ | खोयोखोला खतेरी चाख्ले पातल | १०८४७४८ | २१६९४९.६ | ८६७७९८.४ | ९६०००० | ९२२०१.६ |
| १७२/०७५/०३/१९ | दहवाङ खानीखोला मो.वा. | ८४६२०५ | १६९२४१ | ६७६९६४ | ७६८००० | ९१०३६ |
| २०८/०७५/३/२८ | दहवाङ झमरखोला गजले रातामाटा मो.वा. | ८६६०९४ | १७३२१८.८ | ६९२८७५.२ | ७५६६०० | ६३७२४.८ |
| १०९/०७५/३/०१ | मलेखोला दलसिङे मो.वा. वडा न ६ | ९४५७४५ | १८९१४९ | ७५६५९६ | ८१६७४५ | ६०१४९ |
| ११४/०७५/०३/०३ | जायचौर लाखरीचौर फुलवास मो.वा. | १५८९५१९ | ३१७९०३.८ | १२७१६१५.२ | १४४०००० | १६८३८५ |
| ८०/०७५/२/२० | ढोगारी डाँडा वाफु जितेमारे स्यालाखोला मो.वा. | ११५७९३६ | २३१५८७.२ | ९२६३४८.८ | ९६०००० | ३३६५१.२ |
| ८३/०७५/०२/२० | ओता खाती गाउँ राङजी वाङ सुखावडा मो.वा. | २६७८२७४ | ५३५६५४.८ | २१४२६१९.२ | २६१०७९५ | ४६८१७६ |
| | जम्मा | | | | | १५८०६३०.६ |

| | | |
|---|---|---|
| २९. | **सवारी साधन खरिद** - (६, २०७४।११।१५) सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ अनुसार सवारी साधन खरिद गर्नपर्ने वयवस्था छ । गाउँपालिकाले एकल बोर्डको निर्णयबाट ब्याकहो लोडर खरिद गरेको देखिन्छ । २०७४।८।२३ मा सिलबन्दी बोलपत्र आव्हान गरेर आई.एम.ई.अटोमोटिभ्स् काठमाण्डौवाट फागुन १५, २०७४ मा रु.३९,००,०००।०० मा खरिद गरेकोमा उक्त लोडर वैशाखबाट मात्र संचालनमा आएको देखिन्छ । गाउँपालिकाले आफ्नो स्वामित्वमा लोडर खरिद गरेपनि सबै मोटरबाटो निमार्णको जिम्मा उपभोक्तालाई दिएको र आयोजनामा पनि लोडर उपयोग भएको देखिएन । लोडरको उपयोग नभएकोले गाउँपालिकाले यसको पूर्ण उपयोग गरी आन्तरिक आय वढाउनुपर्छ । | |
| ३०. | **पेश्की तर्फ :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्यौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले देहाय अनुसार पेश्की दिएको रु. २९०,०००।०० फछ्यौट गरेको देखिएन । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई नियमानुसार असुल फछ्यौट गर्नुपर्ने रु. | २९००००.०० |

| पेश्की लिएको मिति | पेश्की लिने व्यक्ति , फर्म वा संस्था | विवरण | रकम |
|---|---|---|---|
| ०७४.९.१९ | सि.अ.हे.व.सक्कल देव यादव | नि:शुल्क औषधी खरिद | २९००००.०० |

Scanned by CamScanner

**बेरुजू फछ्र्यौटको स्थिति :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ९८(२) बमोजिम लेखापरीक्षणबाट कायम भएको बेरुजु असूल फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ। कार्यालयबाट प्राप्त संक्षिप्त आर्थिक वार्षिक प्रतिवेदन अनुसार आर्थिक वर्ष २०७४।०७५ सम्मको बेरुजू रु.३,३१,७६,६२४।३६ बाँकी देखिएको छ । जसमध्ये पेश्की रु.३,२८,९६,२४९।३६ रहेकोमा लेखापरीक्षणको क्रममा सम्परीक्षणको लागि रु.२,७४,२२,७१९।३६ अनुरोध गरेकोमा सम्परीक्षण गरिएको छ। बाँकी वेरुजु रु.५७५३९०५।०० सम्बन्धमा आर्थिक कार्यविधि नियमावली अनुसार समयमै फछ्र्यौट गर्नुपर्दछ।

| क्र.स | आ.व | वेरुजु दफा नं | वेरुजुको व्यहोरा | फछ्र्यौटको | रकम |
|---|---|---|---|---|---|
| १ | ०७३।०७४ | ९.१ | अग्रिम आयकर | बैंक दाखिला | ३१४५।०० |
| २ | ०७३।०७४ | १०.१ | अग्रिम आयकर | बैंक दाखिला | ३११८।०० |
| ३ | ०७३।०७४ | ९.२ | पारिश्रमिक कर | कर दाखिला प्रमाण | ११४८८०।०० |
| ४ | ०७३।०७४ | १०.२ | पारिश्रमिक कर | बैंक दाखिला | १५८८२।०० |
| ५ | ०७३।०७४ | ११.१ | अग्रिम आयकर | बैंक दाखिला | २८४९।०० |
| ६ | ०७३।०७४ | ११.२ | पारिश्रमिक कर | कर दाखिला प्रमाण | १०५८८०।०० |
| ७ | ०७३।०७४ | १२.१ | अग्रिम आयकर | बैंक दाखिला | २०५०३।०० |
| | | | असुली जम्मा | | **२६६२५७।००** |
| १ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | ६३११३२४।८३ |
| २ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | ७३९१०६९।३३ |
| ३ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | १२२०००।०० |
| ४ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | ५४२८४६०।२० |
| ५ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | ७६६४३३४।०० |
| ५ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | प्रमाण पेश | २२८८७४।०० |
| ७ | ०७३।०७४ | ८ | पेश्कि वेरुजु | बैंक दाखिला | १०४००।०० |
| | | | पेश्की जम्मा | | २७१५६४६२।३६ |

३२. **पेश्की :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले पेश गरेको विवरणमा पेश्की रु. ५४,४४,६३७।०० पेश्की तथा रु.४४,१४,१७२।०० देखिएको छ। कार्यालयले पेश्की रु. ४४,१४,१७२।०० को मात्र नामनामेसी सहितको विवरण तयार गरेको छ। फरक देखिएको पेश्की रु.१०,३०,४६५।०० को सम्बन्धमा कार्यालय प्रमुखलाई जिम्मेवार बनाई संचित कोष दाखिला गर्नुपर्ने रु..... १०३०४६५.००

३३. **पेश्की मौज्दात :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ मा पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिकाले वडा नं. ६ र ७ (साविक राँक गाविस वडा नं. ७) को खाता नं.०७६००१०६३८३९५६००००००७ मा पेश्की बाँकी भनी देखाएको रु. २९५,१५०.०० साविकको गा.वि.स. खाता वन्द भएपनि हालसम्म गाउँपालिको संचितकोषमा दाखिला गरेको देखिएन । सम्वन्धित खाता संचालक तथा कार्यालय प्रमुखलाई जिम्मेवार वनाई उक्त रकम संचित कोषमा दाखिला गर्नुपर्ने रु...... २९५१५०.००

३४. **पेश्की (विगत) :** आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ७४ अनुसार पेश्की फछ्र्यौट गर्नुपर्ने व्यवस्था छ । गाउँपालिका अन्तर्गतका साविक गाउँ विकास समितिको कार्यालयका निम्न व्यक्तिहरुलाई विगत वर्ष देखि दिएको पेश्की फछ्र्यौट गरेको देखिएन। कार्यालय प्रमुखलाई जिम्मेवार बनाई नियमानुसार पेश्की असुल फछ्र्यौट गर्नुपर्ने रु... ४४१४१७२.००

| क्र.स | पेश्की लिएको मिति | आ.व | पेश्की लिने व्यक्ति , फर्म वा संस्था | विवरण | रकम |
|---|---|---|---|---|---|
| | साविक पाखापानी गाउँ विकास समिति तर्फ | | | | |
| १ | ०७४।३।२६ | २०७३।७४ | चन्द्र वहादुर वली | नसरी वीउ विरुवा खरिद | २४५४१२।०० |
| | | | साविक पाखापानी गाउँ विकास समिति तर्फ: | | |
| २ | | ०७३।०७४ | ने.रा.मा.वि सिमखोला | तलव | १५५६००.० |
| ३ | | ०७३।०७४ | ने.रा.मा.वि सिमखोला | कार्यक्रम | २५००००.० |
| ४ | | ०७३।०७४ | चन्द्री वुढा | कार्यक्रम | ४१५४९.०० |
| | | | साविक ओत गाउँ विकास समिति तर्फ: | | |
| ५ | | ०७३।०७४ | भागीराम पुन | घो.वा निर्माण | २००००.० |
| ६ | | ०७३।०७४ | भक्त बहादुर घर्ती | घो.वा निर्माण | २००००.० |



Scanned by CamScanner

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | | ०७३।०७४ | तिलकराम घर्ती | घो.वा निर्माण | ३५०००.० |
| ८ | | ०७३।०७४ | डिल वहादुर वली | घो.वा निर्माण | २८७९७०.० |
| ९ | | ०७३।०७४ | दलित सामुदायीक विकास मञ्च | सशक्तिकरण | ३२०००.० |
| १० | | ०७३।०७४ | हरी प्रसाद घर्ती | खेलकुद | ३००००.० |
| ११ | | ०७३।०७४ | चन्द्र वहादुर वली | क्षमता विकास | ६९३९५.० |
| | | | **साविक जिनाबाङ गाउँ विकास समिति तर्फ:** | | |
| १२ | ०७४.३.३१ | ०७३।०७४ | खगेन्द्र जन प्रा.वि | बालबालिका कार्यक्रम | ४१९९३.० |
| १३ | ०७४.३.३१ | ०७३।०७४ | सिर्जनशिल नव युवा प्रतिभा क्लव | महिला सीप विकास,झोपु र खा.पा.मर्मत | १०६४३७.० |
| १४ | ०७४.३.३१ | ०७३।०७४ | पातिहाल्ना मो.वा.उ.स | मो.वा. निर्माण तथा मर्मत | ३०००००.० |
| १५ | ०७४.३.३१ | ०७३।०७४ | शिवनाथ शर्मा | बोयर बोका खरीद | २५९८५०.० |
| १६ | ०७४.३.३१ | ०७३।०७४ | भरत डाँगी | सिचाइ पोखरी निर्माण | १५१६१७.० |
| १७ | | ०७३।०७४ | भरत डाँगी | कार्यक्रम | ४५०००.० |
| १८ | | ०७३।०७४ | राम बहादुर पुन | मो.वा मर्मत | ५००००.० |
| १९ | | ०७३।०७४ | राम बहादुर पुन | कार्यक्रम | ५०४००.० |
| २० | | ०७३।०७४ | रातामाटा सामुदायीक वन | कार्यक्रम | ५००००.० |
| २१ | | ०७३।०७४ | राम बहादुर पुन | कार्यक्रम | १०००००.० |
| २२ | | ०७३।०७४ | राम बहादुर पुन | कार्यक्रम | १२१७००.० |
| २३ | | ०७३।०७४ | भिम बहादुर वली | मन्दिर निर्माण | ५००००.० |
| | | | **साविक राँक गाउँ विकास समिति तर्फ:** | | |
| २४ | | ०७३।०७४ | राँक गाविस स्तरीय खानेपानी तथा सरसफाइ | पूर्ण सरसफाई कार्यकम | ५७२२००.० |
| २५ | | ०७३।०७४ | राँक स्वास्थ्य चौकी | वालविवाह न्युनिकरण | १०००००.० |
| २६ | | ०७३।०७४ | दलित जनजागरण समूह | बाजा खरीद | २१४५७५.० |
| २७ | | ०७३।०७४ | कल्पना वली | सिलाई कटाई | ११८०००.० |
| २८ | | ०७३।०७४ | कुसल कामी | कार्यकम | ९५४७४.० |
| | | | **जम्मा** | | ४४१४१७२.०० |

| | | |
|---|---|---|
| ५. | आ.व.२०७३।७४ सम्मको बेरुजु गाउँपालिकाले फछ्र्यौट गरी सम्परीक्षणको लागि पेश भएकोमा फछ्र्यौट गर्दा निम्न वमोजिम व्यहोरा देखिएको छ : | |
| ५.१. | **गंगादेव गाउँपालिका वडा नं ६ र ७ (साविक राँक गा.वि.स) तर्फ :**<br>**विल वेगर भुक्तानी :** (१७, ०७४।३।२९) आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम ३६ मा सरकारी रकम खर्च गर्दा रीत पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । गा.वि.स स्तरीय खानेपानी तथा सरसफाई युवा समितिलाई कार्यक्रम संचालन गर्न भुक्तानी दिएको रु. ५,७२,२००।०० को बिल भरपाई सहित कार्यक्रम संचालन गरेको प्रमाण देखिएन । कार्यालय प्रमुखलाई जिम्मेवार बनाई उक्त रकम असुल गर्नुपर्ने रु..... | ५७२२००.०० |
| ५.२. | **कार्यसम्पन्न प्रतिवेदन:** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ अनुसार संझौतामा उल्लेखित अवधिभित्र कार्यसम्पन्न गर्नुपर्ने ब्यबस्था छ । साविक राँक गा.वि.स कार्यालयवाट बाटो निर्माण गर्न उपभोक्ता समितिसँग रु. १४३,०५०।०० मा संझौता भएकोमा तोकिएको कार्य सम्पन्न प्रतिवेदन तयार गरेको देखिएन । कार्यालय प्रमुखलाई जिम्मेवार गराई उक्त रकम असुल गर्नुपर्ने रु.... | १४३०५०.०० |
| ३६. | **वित्तीय जवाफदेहिता :** सार्वजनिक खरिद ऐन, २०६३ तथा नियमावली, २०६४ आर्थिक कार्यविधि ऐन, २०५५ तथा नियमावली, २०६४ एवं लगायतका प्रचलित कानून बमोजिम व्यवस्थापकीय, वित्तीय, सेवा प्रवाह तथा विकास निर्माण कार्यका सम्बन्धमा ध्यान दिनुपर्ने व्यवस्था छ । तोकिएका सूचकका आधारमा परीक्षण गर्दा कार्यालयले ग्रेड "सी" प्राप्त गरेकोले व्यवस्थापकीय, वित्तीय, सेवा प्रवाह जस्ता सूचकमा सुधार गर्नुपर्ने देखिएकोले कार्यालयले आवश्यक पहल गरी कार्य संचालन गर्नुपर्दछ । | |
| ३७. | **बेरुजू** - पालिकाको प्रारम्भिक प्रतिवेदन अनुसार यो वर्ष असुल गर्नुपर्ने बेरुजू रु. ८४ लाख ५५ हजार, प्रमाण कागजात पेश नभएको बेरुजू रु. ४ लाख ६० हजार र पेश्की बाँकी देखिएको रु. २ लाख ३० समेत रु. ९२ लाख ५ हजार बेरुजू कायम भएको छ । गाउँपालिकाले वेरुजुको प्रतिक्रिया पठाएको छैन । | |
| ३८. | **अनुगमन तथा मूल्यांङ्कन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८४ ले बेरुजू फछ्र्यौट गर्ने व्यवस्था गरेको छ । सोही ऐनको दफा ८४(२) (घ) बमोजिम वेरुजू फछ्र्यौट गर्ने, गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । कार्यालयले गत वर्षको बेरुजू रु. २,७४,२२,७१९।०० फछ्र्यौट गरेको छ । गत वर्षको बेरुजू स्थिति निम्नानुसार देखिएको छ : | |



Scanned by CamScanner

| गत वर्षको बेरुजू रकम (रु.) (A) | यो वर्ष फछ्र्यौट (B) | बाँकी (C= A-B) |
|---|---|---|
| ४५२०००.०० | ४५२०००.०० | ० |

२१. **अद्यावधिक बेरुजू स्थिति :** गंगादेव गाउँपालिकाको आर्थिक वर्ष २०७४।७५ सम्मको फछ्र्यौट गर्न बाँकी बेरुजू स्थिति देहाय अनुसार रहेको छ :

| गत वर्षसम्मको फछ्र्यौट गर्न बाँकी (रु.) ☐ | वर्षको सं प.बाट कायम बेरुजू रु. (D) | यो वर्षको कायम बेरुजू रु. (E) | बाँकी (F=C+D+E) |
|---|---|---|---|
| ० | - | ९२०५०००.०० | ९२०५०००.०० |

बाँकी बेरुजुनियमानुसार फछ्र्यौट गर्नुपर्दछ।

Scanned by CamScanner